आज मिति २०७३ साल कार्तिक १० गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

२. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

३. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

४ सामाजिक विकास शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने द

५. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

६ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी- उपाध्यक्ष श्री शंकर गिरी द

११ वातावरण विज्ञ श्री सन्ध्या रिजाल द

१२ योजना शाखा सव ई. श्री शंकर बहादुर कुँवर द

निर्णयः

**निर्णय नं. १:** यस न. पा. ले आ. व. २०७३।०७४ को संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, स्थानीय उपभोक्ता तथा न. पा. समेतको लागत सहभागिता रहने गरी निम्नानुसार योजनामा उपभोक्ताबाट जनसहभागिता रकम संकलन गरी निर्माण कार्य समेत संचालन गरेकोले सोही योजनाहरुलाई उच्च प्राथमिकता दिई संचालन गर्ने गरी योजना प्रस्ताव तयार गरी जगेडा कोषबाट स्वीकृतीका लागि पठाउने निर्णय गरियो ।

तपसिलः

१. वागदेवी मार्ग कालोपत्रे योजना, रत्ननगर ११

२. जयमंगला बजार आसपास कालेपत्रे सडक विस्तार तथा पूनर्निर्माण योजना, रत्ननगर १३

३. मैनाहबाट पडरिया जोड्ने सडक कालोपत्रे योजना रत्ननगर १७

४. भिमबहादुर चोकबाट उत्तर साविक पिठुवा ८ नं. चोकसम्म सडक कालोपत्रे योजना रत्ननगर १५

५. साविक पिठुवा ९ नं. सिमानाबाट सूर्योदय चोकसम्म जोड्ने सडक कालोपत्रे सडक मर्मत योजना रत्ननगर १०

६. जिरौना - पदमपुर जोड्ने कालोपत्रे सडक मर्मत योजना रत्ननगर १०

७. प्रगति हिमाली मार्ग कालोपत्रे योजना रत्ननगर ८

८. सृजना टोल भित्री सडक कालोपत्रे योजना

९. सौराहा - बछौली - झुवानी सडक कालोपत्रे योजना

१० जमुनापुरबाट खोलेसिमल जोड्ने सडक कालोपत्रे पुनर्निर्माण तथा विस्तार योजना, रत्ननगर ११

११ पर्यटन सूचना केन्द्र

**निर्णय नं. २:** यस न. पा. को आ. व. ०७३।०७४ को विभिन्न संघ संस्था साझेदारी योजना अन्तर्गत विनियोजित बजेटबाट सृजनशिल यूवा क्लव, रत्ननगर ३ को भवन निर्माण योजनाका लागि रु. ३५,०००।- (पैंतिस हजार मात्र) न. पा. बाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस न. पा. को आ. व. ०७३।०७४ को विविध आकस्मिक योजना शिर्षकबाट स्थानीय वडा तथा टोलको माग अनुसार निम्नानुसार योजनारुको ग्रावेल निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. उज्जल टोल तथा कल्याण टोल सिमाना सडक ग्रावेल रत्ननगर ८ | रु. ४०,०००।- (चालिस हजार मात्र) |
| २. पारिजात टोल कालोपत्रे, खाल्टाखुल्टी पुर्ने काम, रत्ननगर १२ | रु. २०,०००।- (बीस हजार मात्र) |
| ३. सयपत्री टोल, जिरौनाचोक खाल्टाखुल्टी पुर्ने काम ,, | रु. १२,०००।- (बाह्र हजार मात्र) |
| ४. रत्ननगर १५, आदर्शचोक कृष्ण घिमिरेको घरबाट पूर्व घोलसम्म ग्रावेल | रु. ६३,२२५- (त्रिसठ्ठी हजार दुई सय पच्चीस मात्र) |
| ५. रत्ननगर १२ र १५ सिमाना सडक ग्रावेल योजना | रु. ५०,०००।- (पचास हजार मात्र) |
| ६. रत्ननगर १ आनन्दटोल हिमालय बोर्डिङ्ग देखि शंकर फर्निचर सम्म ग्रावेल | रु. ५०,०००।- (पचास हजार मात्र) |
| ७. हरिकृतन टोल रत्ननगर ९ भित्री सडक ग्रावेल मर्मत | रु. ३०,०००।- (तीस हजार मात्र) |
| ८. रत्ननगर ८ वातावरणमैत्री वडा घोषणा (दुरसंचार, क्रिष्टल, निपनी थारु गाउँ, साई स्वर्णिम) | रु. ३२,०००।- (वत्तीस हजार मात्र) |
| ९. जागृति टोल (बकुलहर-मोहना सडक ग्रावेल मर्मत | रु. ४०,०००।- (चालिस हजार मात्र) |
| १०. रत्ननगर १३ जयमंगला स्थित वडास्तरिय ग्रावेल मर्मत | रु. २५,०००।- (पच्चीस हजार मात्र) |

**जम्मा रु. ३,६२,२२५।-**

**(अक्षेरुपी- तीन लाख बैसठ्ठी हजार दुईसय पच्चीस मात्र)**

**निर्णय नं. ४**: मिति २०७३।०७।१० गतेका दिन यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु (सामाजिक परिचालक समेत) बीच २०७३ सालको शुभ दिपावली, नेपाल सम्वत् र छठ लगायतका पर्वहरुको शुभकामना आदान प्रदान कार्यक्रमका लागि खर्च भएको रु. १५,०००।- (पन्ध्र हजार मात्र) अनुमोदन गरी बील वमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** EFLG कार्यक्रम अन्तर्गत रत्ननगर ८ लाई वातावरण मैत्री वडा घोषणा गरिएकोमा उक्त वडाका निम्न ४ टोलको सडकमा ७०% न. पा. र ३०% प्रतिशत उपभोक्ताबाट व्यहोर्ने गरी LED/CFL वत्ति जडान गर्ने र न. पा. को तर्फबाट व्यहोरिने ७०% ले हुन आउने रकम रु. ३२,५८५।- (वत्तिस हजार पाँचसय पचासी मात्र) वातावरणमैत्री वडा घोषणा कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:** यस न. पा. को आ. व. २०७२।०७३ सालको सामाजिक परिक्षण कार्यक्रम मिति २०७३।०७।२९ गते र आ. व. २०७३।०७४ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम २०७३।०७।३० गते गर्ने निर्णय गरियो ।